सन्धिखर्क नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाची
५ नं. प्रदेश, नेपाल

मिति:२०७६/०९/०६

**वैदेशिक रोजगारबाट फर्केका युवाहरुका लागी कार्यक्रम पेश गर्ने सम्बन्धि सुचना ।।।**

सन्धिखर्क नगरपालिका कृषि विकास शाखाको आ व २०७६।०७७ को नविनतम कृषि प्रविधि वैदेशिक रोजगारबाट फर्केका युवाहरुका लागी साझेदारीमा कार्यक्रम अन्तर्गत तपशिल बमोजिमको प्रक्रिया पुर्याई रित पुर्वकको प्रस्ताव फारम यस कार्यालयमा दर्ता गराउनुहुन सम्बन्धित सबैमा यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. कार्यक्रम माग गर्दा कृषि फर्म तथा कृषि उद्यमीले कार्यालयले उपलब्ध गराएको प्रस्ताव ढाचामा स्पष्ट भर्नु पर्ने छ ।

२. प्रस्तावको ढाचा यस कार्यालय वा सम्वन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

३. कार्यक्रम माग गर्दा कृषि फर्म तथा उद्यमीले कम्तीमा ५० प्रतिशत अनुदान व्यहोर्ने समेतको प्रतिवद्धता पत्र पेश गर्नु पर्ने छ ।

४. कार्यक्रम माग गर्दा अनिवार्य रुपमा विदेशबाट फर्कि आएको पासपोर्ट समेत पेश गर्नु पर्ने छ ।

५. कार्यक्रम माग गर्दा ५० प्रतिशत अनुदान वा वढिमा रु ५० ०००। (पचास हजार) सम्म यी मध्ये जुन अनुदान रकम कम हुन्छ सोही अनुदान कार्यक्रम उपलब्ध गराईने छ ।

६. सम्वधित वडाको सिफारीस सहित यस कार्यालयमा तोकिएको मिति भित्र निवेदन सहित बुझाई सक्नु पर्ने छ ।

७. नविनतम सोचका आधारमा पेश भएका प्रस्तावलाई विशेष प्रार्थमिकता दिईने छ ।

८. सुचना प्रकाशित मितिले १५ दिन २०७६ साल पुस २२ गते सम्म यस कार्यालयमा कार्यालय समय भित्र निवेदन दर्ता गराई सक्नुपर्नेछ । यदि अन्तिम म्यादका दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र निवेदन पेश गरि सक्नुपर्ने छ ।

९. अन्य कुरा प्रचलित नियम कानुन वमोजिम हुने व्यहोरा अनुरोध गरिन्छ।

नोट- अन्य थप कुरा बुझ्न परेमा सम्वन्धित वार्ड कार्यालय वा यस कार्यालयको फोन न ०७७४२०८८२ मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

☎ ०७७-४२०११२, ४२०६६२ E-mail:- sandhikharkamunicipality@gmail.com URL:-http://www.sandhikharkamun.gov.np